# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २६ गते २०२० साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको मनोरञ्जन कर (संशोधन) नियमहरू २०२० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

मनोरञ्जन कर नियमहरू, २०१८ (यसपछि मूल नियम भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले, मनोरञ्जन कर ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम मनोरञ्जन कर (संशोधन) नियमहरू, २०२० रहेको छ ।

(२) यी नियमहरू गजेटमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुने छन् ।

२. मूल नियमको नियम ३ मा संशोधन – मूल नियमको नियम ३ को उप–नियम (१०) पछि निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :–

तर–(क) मनोरञ्जन देखाइने स्थानमा कर विभागका डाइरेक्टरको दस्तखत भएको पास बेगर अथवा मनोरञ्जन कर अफिसरको छाप लागेका प्रवेश टिकट बिना सरकारी कर हानि हुने गरी मनोरञ्जनको मालिकले कसैलाई प्रवेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गराइराखेको छ छैन र स्थानीय कर अड्डाले पनि ऐन बमोजिम सरकारी कर हानि हुने वा चोरी गर्न नपाउने प्रबन्ध गरेको छ वा छैन सो कुराको चेक जांच र रेखदेख गर्नको निमित्त कर विभागको डाइरेक्टरले जुनसुकै वखत आफ्ना मातहतका कर्मचारी पनि खटाई पठाउन सक्ने छ,

(ख) खण्ड (क) बमोजिम चेक जांच गर्न खटी जाने कर्मचारीले कर विभागका डाइरेक्टरको दस्तखत भएको पास ली जानुपर्छ र यसरी चेक जांच गर्दा दर्शक बसी हेर्ने कुनै सिटमा बसी मनोरञ्जन हेर्न वा निजले मनोरञ्जनको मालिकबाट अनुचित तवरले अरू कुनै सहुलियत प्राप्त गर्नसमेत हुंदैन,

"तर"

मनोरञ्जन सम्बन्धी चेक जांच गर्ने कर्मचारीले आफ्नू ड्यूटी सम्बन्धमा आवश्यक सम्झेमा दर्शक बस्ने सिट बाहेक छुट्टै अर्को सिट राखी चेक जांच गर्न सक्ने छ,

(ग) खण्ड (क) बमोजिम चेक जांच गर्न जाने कर्मचारीलाई टिकट बिक्रीको लगत मनोरञ्जनको मालिकले देखाउन पर्दछ र सो चेक जाँच गर्ने कर्मचारीले पनि सो लगत बमोजिम आवश्यकता अनुसार गर्नुपर्ने जांचबुझ गरी जांच गरेको निस्सा मास्केवारीमा जनाइदिनुपर्दछ। सो चेक जांच गर्ने काम गर्दा कुनै किसिमको कैफियत जनाउनपर्ने कुरा देखेमा सो पनि मास्केवारीमा जनाइदिनुपर्दछ ।

३. मूल नियमको नियम ६ पछि थप नियमः– मूल नियमको नियम ६ पछि निम्नलिखित नियम ७ थपिएको छः–

७. कर विभागका डाइरेक्टरले दस्तखत गरी प्रमाणित गरेको पास मात्र प्रयोग गर्नु पर्नः– (१) यी नियमहरू प्रारम्भ हुनुभन्दा अघिदेखि जारी भइरहेको विशेष पास वा पुलिस पासका सम्बन्धमा सो पासमा कर विभागका डाइरेक्टर वा निजले तोकेको अफिसरको दस्तखत गरी पास बहाल रहने अवधि तोकी प्रमाणित गरेको भए मात्र त्यस्तो पास प्रयोग गरी मनोरञ्जन कार्य चलिरहेको स्थानमा प्रवेश गर्न हुन्छ। डाइरेक्टर वा निजले तोकेको अफिसरले प्रमाणित गरेको पास नदेखाई प्रवेश गर्नु गराउनु हुंदैन गरेको ठहरे ऐन बमोजिम सजायसमेत हुनेछ।

१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मनोरञ्जनकार्य चलिराखेको स्थानमा लाइट टेष्टसमेतका लागि प्रत्येक "शो" को निमित्त मनोरञ्जनको मालिकले आफू खुशी प्रयोग गर्न पाउने गरी निजलाई डाइरेक्टरले बढीमा ३ तीन थानसम्म पास निःशुल्क दिन सक्नेछ ।

तर–मनोरञ्जनको मालिकलाई यसरी निःशुल्क दिइएको पास प्रत्येक आर्थिक वर्षको शुरुमा कर विभागबाट रिन्यू गराई लिनुपर्दछ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारको मिति ०२०।८।६।६ को निर्णय बमोजिम सल्यान जिल्ला अदालतका न्यायाधीश श्रीईश्वरीजङ्गबहादुर सिंह आय र कर अदालतको न्यायाधीशको खाली पदमा सरुवा बढुवा हुनुभएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

९३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार
अर्थ मन्त्रालयको

## सूचना

नेपाल राष्ट्रबैंक ऐन २०१२ को दफा १४ को उप–दफा (१) बमोजिम नेपाल राष्ट्रबैंकले पेश गरेको २०२० साल आश्विन महीनाको मासिक रिपोर्ट सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### नोट विभाग

| दायित्व | रू. पै. | रू. पै. | सम्पति | रू. पै. | रू. पै. |
|---|---|---|---|---|---|
| बैंकिंग अफिसमा नोट मौज्दात | १,५३,७६,८०४।– | | (क) सुनको सिक्का र सुन | २,३२,३२,२४७।५३ | |
| चलन चल्तीमा रहेको नोट | १६,४७ ३३,१९६।– | | चांदी | २,३५,०१,५३४।– | |
| जम्मा निष्काशित नोट | | १८,०१,१०,०००।– | (क) क. जम्मा | | ४,६७,३३,७८१।५३ |
| | | | (ख) विदेशी मुद्रा | | ५,५३,८७८।८१ |
| | | | विदेशी सिक्यूरिटी | | १०,७८,१२,३३९।६६ |
| | | | नपाली सिक्का | | २,५०,१०,०००।– |
| जम्मा दायित्व | | १८,०१,१०,०००।– | जम्मा सम्पत्ति | | १८,०१,१०,०००।– |

### बैंकिंग विभाग

| दायित्व | रू. पै. | सम्पति | रू. पै. |
|---|---|---|---|
| मूल धन | १,००,००,०००।– | नोट | १,५३,७६,८०४।– |
| जगेडा कोष | ७७,००,०००।– | रुपैयां र रेच्की | ३६,६०,१२८।८२ |

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| कृषि कर्जा कोष | | विदेशी मुद्रा | २,२१,४२,७६८।९८ |
| डिपोजिटहरू:– | | विदेशमा रहेको मौज्दात | १,७६,८७,९०८।६१ |
| (क) केन्द्रीय सरकार | ३८,०३,००७।४६ | खरीद र डिस्काउण्ट गरेको बिल:– | |
| (ख) सरकारी अड्डाहरू | ८,८४,०६,८२७।१० | (क) स्वदेशी | ६,०७,३३०।७८ |
| (ग) बैंक र अन्य | ६,०४,१४,२९६।८५ | (ख) विदेशी | ६,३०,३८०।२२ |
| भुक्तानी दिनुपर्ने बिल | ३,२५,०६१।६१ | (ग) सरकारी ट्रेजरी बिल:- | |
| अन्य दायित्व | २,४१,५०,८१३।७६ | (१) स्वदेशी | १,१५,००,०००,।– |
| | | (२) विदेशी | १०,२२,७४,५६७।२३ |
| | | ऋरु कर्जा र सापट | ३,३८,८८१।१० |
| | | अन्य सम्पत्ति | २,०५,८४,२३७।०४ |
| जम्मा दायित्व | १९,४८,०३,००६।७८ | जम्मा सम्पत्ति | १९,४८,०३,००६।७८ |

धीरविक्रम
मुख्य अफिसर

द. प्रतापराज पाण्डे
एकाउण्टेण्ट

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।